**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख २० गते**

प्रदेश १ मा वैशाख २० गतेसम्म कोरोना भाइरसका शङ्कास्पद १ हजार चार सय बढीको स्वाब सङ्कलन गरिएको छ । १ हजार चार सय ९६ जनाको स्वाब सङ्कलन गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। वैशाख २० गतेसम्म तीन सय ५१ जना महिला र १ हजार १ सय ४५ जना पुरूषको स्वाब सङ्कलन गरिएको छ । स्वाब सङ्कलन गरिएका मध्ये १ हजार चार सय ८४ जनाको रिपोर्ट आएको छ। रिपोर्ट आएका मध्ये ३१ जनामा कोरोना पोजेटिभ देखिएको छ। तीन सय ४७ जना महिला र १२ हजार १ सय ६ जना पुरूष गरि १ हजार ४ सय ५३ जनाको रिपोर्ट नेगेटिभ आएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार वैशाख २० गते १ सय ५४ जनाको स्वाव सङ्कलन गरिएको छ। स्वाब सङ्कलन गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ। आरडीटी विधिबाट वैशाख २० गतेसम्म ५ हजार ४ सय ९९ जनाको एण्टीवडी परीक्षण गरिएको छ । परीक्षण गरिएका मध्ये १५ जनाको रिपोर्ट पोजेटिभ आएको छ। आरडीटी परीक्षणमा ९ सय २८ जना महिला र ४ हजार ५ सय ५६ जना पुरूष गरी ५ हजार ४ सय ८४ जनाको रिपोर्ट नेगेटिभ आएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । प्रदेश १ मा वैशाख २० गते ११ जना क्षमता भएको क्वारेन्टाइन थपिएको छ। वैशाख २० गतेसम्म क्वारेन्टाइनमा ४ सय ८१ जना महिला र १ हजार ७ सय ९७ जना पुरूष गरी दुई हजार २ सय ७८ जना बसेका छन्। होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ६ हजार ७ सय ६ जना पुगेको छ। आईसोलेशनमा बस्नेको सङ्ख्या ३४ जना छ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारी**का अनुसार जिल्लामा कोरोना भाइरसका शङ्कास्पद १ सय ९५ जनाको नमूना सङ्कलन गरिएको छ । ३१ जना महिला र १ सय ६४ जना पुरूषको नमूना सङ्कलन गरिएको छ। १ सय ९४ जनाको रिपोर्ट नेगेटिभ आएको छ। एक जनाको रिपोर्ट आउन बाँकी छ । जिल्लामा एक हजार ३ सय ५७ जनाको आरडीटी गरिएको छ । एक जनाको पोजेटिभ रिपोर्ट आएको छ । बाँकी सबैको नेगेटिभ रिपोर्ट आएको स्वास्थ्य कार्यालयले जनाएको छ । मोरङका दश स्थानमा २ सय ७५ जना क्षमता भएको क्वारेन्टाइन निर्माण गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी मानवहादुर राईले बताउनुभयो । मोरङमा आठ ओटा अस्पतालले १ सय २७ ओटा आईसोलेशन वेड निर्माण गरेका छन्। आईसोलेशनमा ३१ जना उपचाररत छन्।
नोबेल मेडिकल कलेज विराटनगरले स्वास्थ्य उपचारबाट वञ्चित गराएको विषयमा वैशाख १९ गते प्रदेश मानव अधिकार अनुगमन समितिले विज्ञप्ति जारी गरी प्रदेश सरकारसगै सरोकारवालाहरूको ध्यानाकर्षण गराएको छ । राष्ट्रिय मानव अधिकार आयोग,नेपाल बार एशोसिएशन,नेपाल पत्रकार महासङ्घ र गैरसरकारी संस्था महासङ्घबीच सहकार्य भई गठन भएको मानव अधिकार अनुगमन समितिले विज्ञप्ति जारी गर्दै आधारभूत खाद्य अधिकार र स्वास्थ्य अधिकारको रक्षा गर्न आग्रह गरेको छ ।
हात भाँचिएर अप्रेशनका लागि भर्ना भएका उदयपुरका भीमबहादुर खत्रीलाई वैशाख १९ गते अप्रेशन थिएटरबाटै निकालेको छ । नोबेलले यसअघि मोरङको पथरीकी एक वृद्धालाई खोकेको भन्दै अपरेशन थिएटरबाट निकालेर वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाएको थियो । वैशाख १७ गते प्रसुति गराउन शल्यक्रिया कक्षमा भर्ना हुनु भएकी सरस्वती रौनियारलाई उदयपुर घर भएकै कारण देखाएर नोबेलले बाहिर निकाल्दै कोशी अस्पतालमा रेफर गरेको थियो । विराटनगरका अस्पतालले भर्ना लिन नमानेकै कारण समयमा उपचार नपाएर वैशाख १८ गते सुनसरीको देवानगञ्ज गाँउपालिका-१ का २७ वर्षीय रविन्द्र यादवको मृत्यु भएको छ ।

इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्कीका अनुसार वैशाख २० गते राष्ट्रिय वाणिज्य बैङ्क खाँदबारी शाखाले बाल गृहलाई खाद्य सामग्री सहयोग गरेको छ । बैङ्कले ६० केजी चामल, ग्याँस, दाल, खाने तेल, नुन चिनी, साबुन उपलब्ध गराइएको हो । बाल गृहका बालबालिकाहरूलाई खाद्य अधिकार रक्षाका लागि सहयोग गरेको बैङ्कका शाखा प्रबन्धक अनिष रायमाझीले बताउनुभयो । १५ दिनयता ग्यास अभाव भएर खाना पकाउन समस्या भएपछि बैङ्कसँग सहयोग अपिल गरेकाले सहयोग प्राप्त भएको बाल गृहका प्रमुख सरोज श्रेष्ठले बताउनुभयो । बाल सुधार गृहमा ८ जना बालबालिका छन् । सङ्खुवासभा घर भई काठमाडौंमा बसोबास गर्दै आएका तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थी तथा श्रमिकहरूलाई सङ्खुवासभा-काठमाण्डौ सेवा समाजले राहत वितरण गरेको छ ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख २० गते चार सय ५९ जनाको आरडीटी विधिबाट जाँच गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला प्रशासन कार्यालयद्धारा जारी प्रेस नोटमा उल्लेखे छ । आईसोलेशनमा दुई जना महिला र दुई जना पुरूष गरी चार जनालाई राखिएको छ । स्थानीय तहहरूले क्वारेन्टाइनको क्षमता बढाएर ६ सय ४० वेड पुऱ्याएका छन् । सङ्कट व्यवस्थापन केन्द्रले लकडाउनको अनुगमन तथा कोरोना भाइरसको रोकथामका लागि मेची राजमार्गमा प्रचारप्रसार गरेको छ ।

**इन्सेक धनकुटा प्रतिनिधि ईश्वर थापा**का अनुसार वैशाख २० गतेसम्म जिल्लामा एक सय ५९ जनाको आरडीटी र सात जनाको स्वाब परीक्षण गरिएको छ । आरडीटी गरिएकामा धनकुटा नगरपालिकाका २० जना, पाख्रिबास नगरपालिकाका १९ जना, महालक्ष्मी नगरपालिकाका २१ जना रहेका छन । छथर जोरपाटी गाउँपालिकाका १३जना,सहिदभूमि गाउँपालिकाका२९जना,साँगुरीगढी गाउँपालिकाका २८ जना र चौबिसे गाउँपालिकाका २९ जनाको आरडीटी गरिएको छ । धनकुटा नगरपालिकाका तीन जना, सहिदभूमि गाउँपालिकाका तीन जना र साँगुरीगढी गाउँपालिकाका एक जनाको स्वाब परीक्षण गरिएको छ । परीक्षण गरिएको आरडीटी र स्वाब परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । जिल्लामा तीन सय ५७ थान पीपीइ, ५६ थान थर्मल गन, ए सय ५९ वेडको क्वारेन्टाइन र १५ ओटा एम्बसुलेन्स तयारी अवस्थामा रहेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी जयराम श्रेष्ठले जानकारी दिनुभयो ।
लकडाउनले काडमाडौमा समस्यामा परेका सय भन्दा बढी धनकुटेली जिल्ला फर्किएका छन । धनकुटाका स्थानीय तहले ज्यालादारी मजदूर र विपन्न वर्ग पहिचान गरी राहत वितरण गरेका छन् । जिल्लाका सात स्थानीय तहमध्ये तीन ओटा नगरपालिका र चार ओटा गाउँपालिकाले आ-आफ्नै मापदण्ड बनाएर ६ हजार ६ सय ४५ ज्यालादारी मजदूर र विपन्न वर्गलाई परिवारका २९ हजार ३ सय ६० जना लाई खाद्यान्न वितरण गरेका हुन । धनकुटा नगरपालिका बाहेकका अन्य ६ ओटा स्थानीय तहले छुट्टाछुट्टै एक करोड आठ लाख ७५ हजार रुपियाँको प्रकोप व्यवस्थापन कोष स्थापना गरेका छन । इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्टका अनुसार साल्पासिलिछो गाउँपालिकाले ३६ लाख रुपियाँ बढीको प्रकोप व्यवस्थापन राहत कोष स्थापना गरेको छ । कोषको खातामा गाउँपालिकाकाबाट २९ लाख रुपियाँ,पालिका अध्यक्षको ६ महिना बराबरको भत्ता, गाउँपालिका उपाध्यक्षसहित अन्य पदाधिकारीहरूको एक महिना बराबरको भत्ता, गाउँपालिकामा कार्यरत अन्य कर्मचारीहरूको नेपाल

सरकारले तोके बमोजिमको तलब सुविधाको रकम कट्टा गरी प्रकोप व्यवस्थापन कोष स्थापना भएको छ ।
इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादवका अनुसार वैशाख २० गते धरानमा निर्माण गरिएको क्वारेन्टाइनमा ७४ जना र इटहरी क्वारेन्टाइनमा ८२ जनालाई राखिएको छ । धरान उपमहानगरपालिकामा राति सब्जी ल्याएर बिक्री गर्ने व्यवसायीलाई २५ सय रुपियाँ जरिवाना गरिएको छ । नेपाल विद्युत प्राधिकरण धरान शाखाले अनलाइनबाट मासिक महसुल भुक्तानी गर्न ग्राहकलाई अनुरोध गरेको छ । एक लाख रुपियाँसम्म हुने ग्राहकले अनलाइनको माध्यमबाट विद्युत महसुल भुक्तानी गर्न र सो भन्दा माथि हुने ग्राहकले सम्बन्धित वितरण केन्द्रसँग समन्वय गरी महसुल भुक्तानी गर्न आग्रह गरिएको प्राधिकरण धरान शाखाका प्रमुख प्रताप बरालले बताउनुभयो ।
इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खातीका अनुसार बाह्रदशी गाउँपालिकामा कोरोना सङ्क्रमितका सम्पर्कमा आएका ६२ जनाको स्वाब परीक्षण गरिएकोम सबैको रिपोर्ट नेगेटिभ आएको जनस्वास्थ्य कार्यालयका फोकलपर्सन जीवन चौलागाईले बताउनुभयो । मेचीनगर नगरपालिका-७ स्थित प्यारिभिट्टा युवा क्लबले मजदूर दिवसको अवसर पारेर आयोजना गरेको रक्तदान कार्यक्रममा ८९ जनाले रक्तदान गरेका छन् । अर्जुनधारा नगरपालिका-४ मा एक जना महिलासहित पाँच जनाको स्वाब सङ्कलन गरी परीक्षणका लागि कोरोना अस्पताल कोशीमा पठाइएको नगरका स्वास्थ्य शाखा प्रमुख मुकुन्द बस्नेतले जानकारी दिनुभयो ।

**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**